# सम्पादकीय

## वित्तीय सुशासन कायम गर

पछिल्लो केही वर्षयता वित्तीय सुशासन कायम होस् भन्ने माग र खोजी सबैतिरबाट बढिरहेको छ। खासगरी स्थानीय तहमा हुने आर्थिक अपचलनले यसलाई गिज्याइरहेको छ। लुम्बिनी प्रदेशका चार उपमहानगरपालिकामा देखिएको करोडौं रुपैयाँभन्दा बढीको बेरुजुले स्थानीय सरकारको आर्थिक अनुशासनमाथि गम्भीर प्रश्न उठाएको छ। नेपालगञ्ज, बुटवल, तुलसीपुर र घोराही उपमहानगरपालिकामा अनियमित खर्च, लेखापरीक्षणमा समावेश नगरेको रकम र खर्च पुष्टि गर्न नसकिएको अवस्था आम जनताका लागि निराशाजनक मात्र होइन, चिन्ताजनक पनि हो।

सबै बेरुजु भ्रष्टाचार नभएपनि भ्रष्टाचार हुनसक्ने जोखिम बेरुजुभित्रै हुन्छ। बेरुजु कम गर्ने, सकेसम्म पारदर्शिता अपनाउनेतर्फ सबैको ध्यान जान जरुरी छ। यसप्रकारका समस्याबाट पाठ सिक्दै अगाडि बढ्न जरुरी छ। हरेक वर्ष बेरुजु कम गर्दै जाने नीति अबलम्बन गर्न सकिन्छ। बेरुजु घटाउने पहिलो र आधारभूत उपाय हो-विधि र नियमको पालना। हामी सबै पालिकालाई विधि र नियमको सही पालना गर्न विशेष आग्रह गर्दछौं। राजनीतिक होस् कि प्रशासनिक होस् कि ब्यूरोक्रेसीले गर्ने मनपरी नै किन नहोस् त्यस्ता कुनैपनि गलत क्रियाकलापालाई निरुत्साहित गर्नेगरी योजना बनाउनुपर्नेछ।

पालिकाको मात्रै होइन, हरेक सार्वजनिक क्षेत्रमा प्रत्येक खर्च बजेट, स्वीकृति र प्रक्रियाअनुसार हुनुपर्छ। बेरुजु कम गर्ने अर्को उपायका रुपमा कर्मचारी र जनप्रतिनिधि दुवै जिम्मेवार बन्नुपर्नेलाई लिइन्छ। कर्मचारी र जनप्रतिनिधि दुबैमा जिम्मेवारीबोध सही तरिकाले भयो भने त्यसबाट बेथिति कम हुने हो। बेथिति कम गर्न दुवै पक्षका बिचमा सहकार्य आवश्यक छ। कर्मचारीले कानुनअनुसार काम गर्नुपर्छ भने जनप्रतिनिधिले योजना र खर्चमा पारदर्शिता सुनिश्चित गर्नुपर्छ। बेरुजु घटाउने अर्को उपाय हो-समयमै लेखापरीक्षण, दस्तावेज व्यवस्थापन र सार्वजनिक प्रतिवेदन प्रकाशन। यसले मात्र गलत खर्चहरू पहिचान गर्न र असुली सुनिश्चित गर्न सकिन्छ।

सार्वजनिक लेखा समिति, महालेखा परीक्षकको कार्यालय, प्रदेश र संघीय सरकारले स्थानीय तहमा निरन्तर निगरानी र अनुगमन गर्नुपर्छ। 'हाम्रो करले बनेको पैसा व्यक्तिगत वा संस्थागत लापरवाहीका कारण खेर जानुहुँदैन' भन्ने मान्यता हरेक नागरिकले राख्नुपर्नेछ। सार्वजनिक उत्तरदायित्वबोध र वित्तीय अनुशासन नै बेरुजु शून्यतर्फको बाटो हो। यसका लागि नागरिक समाज, सञ्चारमाध्यम र आम जनताले पनि खबरदारीको भूमिका खेल्नुपर्छ। वित्तीय सुशासन भनेको केवल खर्च घटाउनु मात्र होइन, जनताको विश्वास जित्नु पनि हो। यदि हाम्रा जनप्रतिनिधि र कर्मचारीले यो कुरा आत्मसात् गर्न सके बेरुजु शून्यको लक्ष्य असम्भव छैन।

# सहकारीका सारथी अनि भरोसायुक्त भोजराज भण्डारी



मुक्तिनाथ गैह्रे

प्राकृतिक रुपमै अस्थायी जीवनको मानिस, बाँचिरहँदासम्म भने स्थायी नै हो कि जस्तो पनि लाग्ने गर्दछ। तर 'जीवन अस्थायी नै रहेछ' भन्ने दिवंगत व्यक्तिलाई विदा गर्नुपर्दा फेरि महसुस हुन्छ। स्थायी वा चिरस्थायी रहन्छन्ः जीवित अवधिमा गरेका ती सत्कर्मका कृति, 'केवल कृति'। करिब ३६ वर्ष नेपाल सरकारको स्थायी कर्मचारीका रूपमा काम गर्नुभएका निवृत्त राष्ट्रसेवक, तत्कालीन नवलपरासी जिल्ला प्रशासन कार्यालयका अधिकृत भोजराज भण्डारी यही जेठ २६ गते दिवंगत हुनुभयो। उहाँ पूर्व राष्ट्रसेवक मात्रै हुनुहुन्थेन, पूर्व निजामती कर्मचारी मात्र सिमित रहनुभएन, एक असल अभिभावक मात्र बन्नुभएन, त्यसभन्दा अझ माथि उठेर सहकारीका अब्बल हस्ती र अभियन्ता बन्नुभयो। उहाँ एक लगनशील लेखापरीक्षक हुनुहुन्थ्यो, आदर्श अभिभावक हुनुहुन्थ्यो, सक्रिय अनि सहज समाजसेवी पनि हुनुहुन्थ्यो।

अर्थात्, दिवंगत भोजराज भण्डारी नेपालको तीन खम्बे अर्थनीतिअन्तर्गत आर्थिक सहकार्यको क्षेत्र 'सहकारी'का उम्दा अभियन्ता हुनुहुन्थ्यो, प्रष्ट प्रशिक्षक हुनुहुन्थ्यो, सक्षम सल्लाहकार हुनुहुन्थ्यो, समग्रमा सहकारीका सबलतामा सम्पूर्णताको प्रतीक हुनुहुन्थ्यो। उहाँकै अभियानमा अझ बलियो बन्दै सुनवल क्षेत्रसहित नवलपरासी जिल्लाले सहकारीको सहकार्यलाई सक्रिय र सबल पार्दै आएको हो। लुम्बिनी प्रदेश समेतले उहाँको सुवासलाई सुम्सुम्याउँदै गर्दा सन्नाटाको सकस सम्हाल्नुपरेको छ। यी विषय उहाँको निधनपश्चात्को श्रद्धाञ्जलीका वक्तव्यमा आइसेकेका छन्।

झन्डै ३६ वर्ष नेपाली जनताको प्रशासनिक सेवा पश्चात निवृत्तिमा गएपछि विगतका १५ वर्षयता उहाँ घरको अभिभावक केही कम एवम् समाज, सहकारी र सहयोगको अभिभावक ज्यादा देखिनुभयो। यसैले होला गएका १५ वर्षमा उहाँले सिकाएका सहकारी सफल भएर सुविस्तारित भएका छन्। उहाँले हेरेका हिसाबमा हिँड्दाहिँड्दै हिमालझैं अग्ला बनिरहेछन्। उहाँकै निर्देशनले निर्दिष्ट सहकारीहरू निक्षेप संकलन सहित निक्षेप परिचालनमा नमुना बन्दै गएका छन्।

भोजराज भण्डारी सहकारीका अभियन्ता हुँदै गर्दा स्थानीय सहकारीमा नेतृत्व लिने र सबलीकृत गर्ने काममै सत्कर्म देख्नुभयो। त्यसैगरी, सहकारी संघको जिल्लाको नेतृत्वमा जाने, जिल्ला समितिलाई अघि बढाउने, जिल्लाका सहकारीहरू सम्पूर्णलाई सकेसम्म सबलीकृत गर्ने सत्संगमा सदैव समर्पित रहनुभयो। जिल्लाले मात्र होइन प्रदेशले समेत उहाँलाई खोज्यो। पछिल्लो पटक सहकारीको संगठनमा उहाँ लुम्बिनी प्रदेश कार्य समितिमा रहेर काम गर्दै सौम्य आन्दोलन छेडिरहनुभएको थियो।

'सहकारी त सबैका हुन्। सबैले लाभ लिन पाउनुपर्छ, जनता जाग्ने जनसहयोगबाटै हो। यसर्थ, सहकारी सबैको साझा पिल्लर अर्थात् मुनिखामो हो' भन्ने गर्नुहुन्थ्यो उहाँले ठाउँठाउँमा। यही भावनाले ओतप्रोत भएर आफन्त, इष्टमित्र र चिने जानेका व्यक्तिहरूलाई सहकारीको सत्संगमा सदैव समर्पित रहन सन्देश दिँदै सक्रिय रहनुभयो। उहाँको अर्को सबल पक्ष के थियो भने उहाँ आफैंमा लेखापरीक्षणको काममा पोख्त हुनुहुन्थ्यो। त्यसकारण पनि, हर हिसाबमा हडबढाउनु हुँदैन, हर हिसाब चुस्त दुरूस्त हुनुपर्छ र जनताका एकएक पाही-पैसा सुरक्षित एवं सदुपयोग गरिनुपर्छ भन्ने मान्यता व्यवहारमा ल्याइदिनसक्ने विशिष्ट व्यक्तित्वको भूमिका निर्वाह गर्न सक्नुभयो। लेखा परीक्षणको सीप भएका, कानुनका जानकार, अनि सामाजिक सफलताका सचेतनाले भरिएका यस्ता सेवानिवृत्त सत्पात्र सर्वत्र सर्वप्रिय र सक्रिय रहँदै आउनुभएको थियो। बिहानदेखि साँझसम्म उहाँ सामाजिक काममा सक्रिय नै रहँदै आउनुभयो। आध्यात्मिक चेतले भरिपूर्ण उहाँ पछिल्लोपटक तीर्थ यात्रामा जाने क्रममा केही साताअघि मात्र निमोनियाको समस्याले ग्रसित हुन पुग्नुभयो। र, त्यही समस्या बल्झिएर गएको जेठ २६ गते दिवंगत हुनुभयो। उहाँको निधनमा सुनवल नवलपरासीका भण्डारी परिवारले अकल्पनीय र असामयिक रूपमा अभिभावक गुमाउनु त पऱ्यो नै। त्यस क्षेत्रले प्रखर पात्र गुमाएको छ। स्थानीयवासीले सहर्ष स्पन्दनका सहयात्री गुमाएका छन्। सहकारीहरूले सहकार्यको मर्म, हिसाब, कानुन र परीक्षण बुझेको आभायुक्त ओजस्वी अभिभावक गुमाएका छन्। इष्टमित्रहरूले बेलाबखतका सरसल्लाह र सुझाव दिने परामर्शदातृ गुरू गुमाउन पुगेका छन्।

उमेरले बल्ल ६६ पुग्दै गर्दा, भर्खरै जन्मेकी नातिनीले हजुरबा चिन्नै लाग्दा, सेवानिवृत्त जीवनका अबका अवधि परिवारलाई पनि पस्किन्छु भन्दै गर्दा, ईष्ट-मित्र, नाता-गोताका निवासमा अलि फुसर्दिलो भएर जानुपर्ला भन्दै गर्दा परेको पारिवारिक विपत्तिले हामी सबैलाई रूवाएको छ। उहाँकै समवयी उमेरका व्यक्ति होऊन् वा युवावयका, वरिपरिका बासिन्दा होऊन् वा दूरका आफन्त, सेवा अवधिका सखा होऊन् वा अध्ययन कालका सहपाठी सबै सबैसँग साथीको व्यवहार गर्ने, सबैसँग घुलमिल हुने, सहयोगका लागि सदैव तत्पर हुने, समाज नै सबथोक हो भन्ने साझा पात्रलाई चिरकालसम्म नबिर्सने गरि विदा गर्नुपर्ने परिस्थितिमा ल्याई पुऱ्याएको छ। उहाँको सान्निध्यमा अझ धेरै सिकौं, अझ बलियोसँग प्रस्तुत होऔं, अझ परिस्कृत बन्दै परिचालित होऔं भन्नेहरूको भरोसा भाँचिएको छ।

सुनवल- ३, खैरेनीस्थित उहाँको निवास क्षेत्र अहिले शोकमग्न छ। त्यस्तै शोकाकूल छ, उहाँको जन्मस्थान स्याङ्जाको मालुङ्गास्थित धाङ्लिङ् पनि। श्रीमती लिलाले जीवनलीलाका सहयात्रीको साथ गुमाउनुभएको छ। छोराबुहारी विक्रम र सिर्जना अनि रवि र भावनाको सिर्जनापुञ्जरूपी तेजभाव हराएको छ। छोरी शोभा र ज्वाइ चन्द्रकान्त लामिछानेको माइतको मियो भाँचिएको छ। नाति-नातिना मोक्षा, मानस, अनुषा, आभाष र रीभा को पारिवारिक एवम् परम्परागत विश्वविद्यालय विलुप्त भएको छ।



दुःखको यो अवधिमा दिवंगत बुवा भोजराज भण्डारीप्रति हार्दिक श्रद्धाञ्जली अर्पणसहित सुखद बैकुण्ठबासको कामना गर्दछु। शोकाकूल भण्डारी परिवारसहित सम्पूर्ण आफन्तजनमा गहिरो समवेदना प्रकट गर्दछु। साथै, बुवा भोजराजका भरोसायुक्त भावहरू सम्पूर्णमा समाहित हुने पितृआशीषको कामना गर्दछु।

# नेप्से परिसूचकमा गिरावट

काठमाडौं, असार ३। मंगलबार नेप्से परिसूचक घटेको छ। नेप्से ३.९० अंकले घटेर २६५४.७५ विन्दुमा बन्द भएको छ। यसदिन कारोबार रकम पनि घटेको छ। सोमबार १३ अर्ब १८ करोड रूपैयाँको सेयर कारोबार भएकोमा मंगलबार सात अर्ब ६५ करोड रूपैयाँको कारोबार भएको छ।

अघिल्लो दिनको तुलनामा कारोबार रकममा पाँच अर्ब ५३ करोड रूपैयाँ कमी आएको हो। मंगलबार ३०६ वटा धितोपत्रको एक करोड ६४ लाख ७७५ कित्ता सेयर किनबेच भएको हो। मंगलबार ९९ कम्पनीको सेयर मूल्य बढेको छ भने १४८ वटाको घटेको छ। यसदिन पियोर इनर्जीको मूल्य सर्वाधिक ९.९९ प्रतिशतले बढेको छ। उक्त कम्पनीको प्रतिकित्ता मूल्य एक हजार ९७ रूपैयाँ ५० पैसा कायम भएको छ। यस्तै, बुटवल पावरको मूल्य ७.७३ प्रतिशतले बढेर प्रतिकित्ता मूल्य ८२८ रूपैयाँ ९८ पैसा पुगेको छ। गार्डियन माइक्रो लाइफ इन्स्योरेन्सको मूल्य सर्वाधिक ४.६२ प्रतिशतले घटेर प्रतिकित्ता मूल्य दुई हजार १५७ रूपैयाँ १० पैसामा झरेको छ। यसैगरी, नारायणी डेभलपमेन्ट बैंकको मूल्य ३.९४ प्रतिशतले घटेर प्रतिकित्ता मूल्य एक हजार ५५८ रूपैयाँ कायम भएको छ। मंगलबार सानिमा माई हाइड्रोपावरपावरको सर्वाधिक कारोबार भएको छ। कम्पनीको प्रतिकित्ता ६४८ रूपैयाँमा ७४ करोड ९६ लाख रूपैयाँको सेयर कारोबार भएको छ। यो मूल्य अघिल्लो दिनको तुलनामा ०.५४ प्रतिशत बढेको हो। सर्वाधिक सेयर खरिद-बिक्री हुने दोस्रो कम्पनीमा बुटवल पावर रहेको छ। उक्त कम्पनीको प्रतिकित्ता ८३३ रूपैयाँमा ६० करोड ३८ लाख बराबरको सेयर कारोबार भएको छ।

मंगलबार कारोबारमा आएका १३ वटा समूहगत परिसूचकमध्ये जलविद्युत् र माइक्रोफाइनान्स र व्यापार समूहको परिसूचक बढेको छ भने बाँकी सबै समूहको परिसूचक घटेको छ। यसदिन माइक्रोफाइनान्स समूहको परिसूचक सर्वाधिक १.१० प्रतिशतले बढेको छ।


## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल असार महिना ४ गते बुधबार)

यस विकास बैंकको शाखा कार्यालय भुमहीबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ। उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले १६ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ।

**तपशिल**

**क) कर्जा शीर्षक : व्यक्तिगत आवधिक कर्जा**

**ऋणीको विवरण**

जटाई कहारको नाति सुरेन्धर कहारको छोरा नवलपरासी जिल्ला रामपुर खडौना वडा नं. ३ हाल, नवलपरासी (ब.सु.प.) जिल्ला बर्दघाट न.पा. वडा नं. १३ बस्ने **मुन्ना कहार** (ना.प्र.नं. : ३६३०५१/२३१ जारी मिति र जिल्ला : २०६३/१०/२५, नवलपरासी)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) राम शरण कहारको नाति जटाई कहारको छोरा नवलपरासी जिल्ला रामपुर खडौना वडा नं. ३ हाल, नवलपरासी (ब.सु.प.) जिल्ला बर्दघाट न.पा. वडा नं. १३ बस्ने **सुरेन्धर कहार** ( ना.प्र.नं. : टो.३९ जारी मिति र जिल्ला : २०४४/११/१२, नवलपरासी)

२) झगरु कहारको छोरी जटाई कहारको बुहारी सुरेन्धर कहारको पत्नी नवलपरासी जिल्ला रा.ख. वडा नं. ३ हाल, नवलपरासी (ब.सु.प.) जिल्ला बर्दघाट न.पा. वडा नं. १३ बस्ने **कौशिल्या देवी कहार** (ना.प्र.नं. : ३६३०५१/२०१ जारी मिति र जिल्ला : २०६३/१०/२५, नवलपरासी)

३) जटाई कहारको नाति सुरेन्धर कहारको छोरा नवलपरासी जिल्ला सरावल वडा नं. ६ हाल, नवलपरासी (ब.सु.प.) जिल्ला बर्दघाट न.पा. वडा नं. १३ बस्ने **पशुपति कहार** (ना.प्र.नं. : ३६-०१-७४-०५७८५ जारी मिति र जिल्ला : २०७४/०६/२९, नवलपरासी)

**ख) कर्जा शीर्षक : साधारण कर्जा**

**ऋणीको विवरण**

जटाई कहारको नाति सुरेन्धर कहारको छोरा नवलपरासी जिल्ला सरावल वडा नं. ६ हाल, नवलपरासी (ब.सु.प.) जिल्ला बर्दघाट न.पा. वडा नं. १३ बस्ने **पशुपति कहार** (ना.प्र.नं. : ३६-०१-७४-०५७८५ जारी मिति र जिल्ला : २०७४/०६/२९, नवलपरासी)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) चन्द्र कहारको नाति मोहन कहारको छोरा नवलपरासी (ब.सु.प.) जिल्ला सरावल वडा नं. ४ हाल, बर्दघाट न.पा. वडा नं. १३ बस्ने **धिरज गौड** (ना.प्र.नं. : ३६-०१-७८-०५६३७ जारी मिति र जिल्ला : २०७८/०९/०५, नवलपरासी)

२) उसमान मियाको नाति मंगल मियाको छोरा नवलपरासी जिल्ला ब.दु. वडा नं. ७ हाल, नवलपरासी (ब.सु.प.) जिल्ला सरावल गा.पा. वडा नं. ५ बस्ने **आशिक अलि अन्सारी** (ना.प्र.नं. : ३६३०६३/२४९ जारी मिति र जिल्ला : २०६३/११/०५, नवलपरासी)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :**
१) मिति २०८१/०२/११ को अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको।
२) मिति २०८२/०१/११ को अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको।

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (विगाहा) |
|---|---|---|---|---|
| कौशिल्या देवी कहार | नवलपरासी जिल्ला जहदा वडा नं. १ | १ख | २४४ | ०-१-२-० |
| मुन्ना कहार | नवलपरासी जिल्ला जहदा वडा नं. १ | १ख | २३ | ०-९-१६-० |

**शर्त बन्देजहरु :**
१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात मिति २०८२/०३/१८ गते बुधबार भित्र यस बैंकको शाखा कार्यालय भुमही आईपुग्ने गरि पेश गर्नुपर्ने छ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४) प्राप्त बोलपत्रहरु मिति २०८२/०३/१९ गते विहीबार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय भुमहीमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बो लाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ


# चैते धानको उचित मूल्य तोकिने

काठमाडौं, असार ३। किसानले चैते धानको उचित मूल्य नपाएको गुनासो गरेपछि कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारी र उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीबिच सोमबार वाणिज्य मन्त्रालयमा छलफल भएको छ। छलफलमा दुवै मन्त्रालयका सचिव, खाद्यव्यवस्था तथा व्यापार कम्पनीका प्रमुख कार्यकारी अधिकृतलगायतको सहभागिता थियो। चैते धानको हालको अवस्था, किसानले उचित मूल्य नपाउनुका कारण, भारतबाट चामल आयातको अवस्था, खाद्यव्यवस्था तथा व्यापार कम्पनीमा धान, चामलको मौज्दात अवस्था, खाद्यले किसानको चैते धान खरिद गर्नसक्ने अवस्था, भण्डारण क्षमतालगायत विषयमा छलफल भएको कृषिमन्त्रीका प्रेस सल्लाहकार प्रवीण पोखरेलले जानकारी दिए। हाल खाद्यव्यवस्था तथा व्यापार कम्पनीसँग पर्याप्त भण्डारण क्षमता नभएकाले यसका लागि पहल गर्ने, चामल, चिउरा र भुजिया निर्यात गर्न सम्बन्धित निकायसँग समन्वय गर्ने, खाद्यमार्फत धान खरिद गर्न अर्थ मन्त्रालयसँग बजेटलगायत विषयमा पहल गर्ने निर्णय भएको उनले बताए। बैठकमा कृषिमन्त्री अधिकारीले जसरी र जुन व्यवस्था गरेर हुन्छ किसानले चैते धानको उचित मूल्य पाउन सम्बन्धित निकायको पहल आवश्यक रहेकामा जोड दिए। उद्योगमन्त्री भण्डारीले कृषि, उद्योग, अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगसमेत बसेर समस्याको समाधान र यस विषयमा आगामी रणनीति तय गर्नुपर्ने बताए।


## मालपोत कार्यालय भैरहवाबाट जारी भएको छुट जग्गा दर्ता हकदावी सम्बन्धी ३५ दिने सूचना

जिल्ला रुपन्देही साविक साडी ६ हाल गैडहवा गा.पा. वडा नं. १ को च.नं. १५७७ मिति २०८२/०२/०६, को सिफारीस संलग्न राखी हाम्रो बाबु सहदेव ढाढीको मिति २०४४/१०/१५ गते, आमा सुमित्रा ढाढीको मिति २०७४/०५/३० गते र भाईहरु हिरा ढाढीको मिति २०७१/०२/२८ गते र सुदामा ढाढीको मिति २०७९/०८/१५ गते आफ्नै कालगतिले मृत्यु भएको निजको हकखाने हकवाला हामी जवाहिर ढाढी, गायत्री ढाढी, सोनमति ढाढी मात्र रहेको व्यहोरा किटानी सिफारिस सहीत साविक देखी हालसम्म हामीहरुको जोतभोगमा रहेको सर्वे नापीमा रघुनाथ प्रसाद अग्रवालको नाममा नापी भई दर्ता हुन भन्दा पहिले नै भूमि सुधार कार्यालयबाट जफत गरी बिक्रि गर्दा तपसिलमा उल्लेखित कित्ताहरु हाम्रो बाबु सहदेव ढाढीले सकार गरेको तर पुर्जा नउठाउदै मृत्यु भएकोले छुट भएको साविक साडी वडा नं. ६ख कि.नं. २५५ ज.वि. ०-३-१, कि.नं. २९७ ज.वि. ०-१-११, कि.नं. ४१७ ज.वि. ०-०-३, कि.नं. ४२४ ज.वि. ०-९-६, जग्गा मालपोत ऐन, २०३४ को दफा ७ (२) तथा नेपाल राजपत्रमा मिति २०८०/१०/११ मा प्रकाशित सुचना बमोजिम छुट जग्गा दर्ता नामसारी गरी जग्गाधनी दर्ता प्रमाण पुर्जा पाउ भनी मालपोत कार्यालय भैरहवा रुपन्देहीमा माग निवेदन दिनुभएकोमा उक्त जग्गा दर्ता गर्न नमिल्ने भए यो सुचना प्रकाशन भएको मितिले ३५ दिनभित्र स-प्रमाण आफै वा वारेस मार्फत हकदाबी गर्नका लागि सरोकारवालामा अनुरोध छ। म्यादभित्र हकदावी उजुर बाजुर नपरेमा प्रचलित कानुन बमोजिम भई जाने व्यहोरा सबैमा अनुरोध छ।

जग्गाको विवरण


| सि. नं. | जिल्ला | गाउपालिका | वडा | कि. नं. | क्षेत्रफल | फिल्डबुकको विवरण |
|---|---|---|---|---|---|---|
| १ | रुपन्देही | साडी | ६ख | २५५ | ०-३-१ | रघुनाथ प्रसाद अग्रवाल |
| २ | रुपन्देही | साडी | ६ख | २९७ | ०-१-११ | रघुनाथ प्रसाद अग्रवाल |
| ३ | रुपन्देही | साडी | ६ख | ४१७ | ०-०-३ | रघुनाथ प्रसाद अग्रवाल |
| ४ | रुपन्देही | साडी | ६ख | ४२४ | ०-९-६ | रघुनाथ प्रसाद अग्रवाल |

## मालपोत कार्यालय मझगावाको हकदावी सम्बन्धी ३५ दिने सूचना

**जिल्ला रुपन्देही साबिक गा.वि.स. सिलौटिया हाल मर्चवारी वडा नं. ४ बस्ने श्री बंसराज कुर्मीको नाती जोखन कुर्मीको छोरा ढोलन कुर्मीले कित्ता नम्बर यथावत गरी पाउ भनि यस कार्यालयमा दिएको निबेदन अनुसार दर्तावाला श्री ढोलन कुर्मीको नाममा दर्ता श्रेष्ता कायम रहेको जिल्ला रुपन्देही सिलौटिया गा.वि.स. वडा नं ३ कित्ता नं ४१ ज.वि. ०-२-२ कि.नं. १०७ ज.वि. ०-२-२ कि.नं. १३९ ज.वि. ०-१-० को जग्गा नापी कार्यालयको प्लट रजिष्टर र नक्सामा कि.का. भई क्रमशः कि.नं ५०१ ज.वि. ०-१-१, कि.नं. ५०२ ज.वि. ०-१-१, कि.नं. ५०७ ज.वि. ०-१-१, कि.नं. ५०८ ज.वि. ०-१-१, कि.नं. ५१२ ज.वि. ०-२-१२ र कि.नं. ५१३ ज.वि. ०-०-१० कायम भएको देखिएको तर मालपोत कार्यालयको श्रेष्ता पुर्जामा साविक कि.नं. ४१, १०७ र १३९ कायमै रहेको देखिएकोले नापी कार्यालयमा कित्ताकाट भएका जिल्ला रुपन्देही सिलौटिया गा.वि.स. वडा नं ३ कि.नं. ५०१, ५०२, ५०७, ५०८, ५१२ र ५१३ जग्गाहरुमा कसैको हकदावी भए प्रमाण सहित बाटो म्याद बाहेक ३५ दिन भित्र हकदावीको लागि यो सूचना प्रकाशित गरिएको छ। म्यादभित्र हकदावी नगरेमा प्रचलित कानुन बमोजिम साविक कित्ता ४१ ज.वि. ०-२-२, कि.नं. १०७ ज.वि. ०-२-२, कि.नं. १३९ ज.वि. ०-१-० ढोलन कुर्मीको नाममा यथावत कायम भई जाने व्यहोरा समेत अनुरोध छ।**

## इट्टा चाहिएमा !

तपाईहरुको शहर भैरहवा बुटवलमा बलियो, भरपर्दो तथा टिकाउ L.B.F. मार्का इट्टा चाहिएमा तुरुन्त सम्पर्क गर्नुहोला।




मार्का

सम्पर्कः पडसरी-५, ठुटीपिपल, रुपन्देही
फोनः ९८५७०२३३२०, ९८५७०२३९१४, ९८५७०२३८१३ फ्याक्ट्री
नोटः पाल्पा, स्याङ्जा, गुल्मी, अर्घाखाची लगायत अन्य जिल्लाहरुमा पनि ट्रकमा पठाउने व्यवस्था छ।